**Mountain Energy Nepal Ltd.**

G P O Box: 21729, Sunrise Bizz Park 3rd Floor, Dillibazar, Kathmandu
Tel: 977-1-4537705, 4541648, Fax: 977-1-4530562,
Email: info@mountainenergy.com.np, www.mountainenergy.com.np

मितिः २०७९।०८।०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषयः **बार्षिक साधारण सभाको जानाकारी सम्वन्धमा ।**

महाशय,

प्रस्तुत विषयमा यस माउण्टेन ईनर्जी नेपाल लि.को संचालक सामितिको मिति २०७९।०७।२९ गते बसेको ९५ औं वैठकको निर्णयानुसार यस कम्पनीको नवौं बार्षिक साधारण सभा मिति २०७९ साल पौष ०८ गते शुक्रवार (तदनुसार २३ डिसेम्वर २०२२) विहान १०:०० बजे Amrapali Banquet Catering & Events, भाटभटेनी, काठमाण्डौंमा बस्ने भएको हुँदा शेयरधनीहरुको जानकारीको लागि मिति २०७९।०८।०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिएको र सो प्रकाशन गरिएको सूचनाको मस्यौदा एक प्रति यसै साथ संलग्न राखि तहाँ पेश गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

भवदीय

(सम वहादुर भट्ट )
कम्पनी सचिव

# माउण्टेन ईनर्जी नेपाल लि.

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ३०, काठमाडौं फोन नं.:०१- ४५३७७०५, ०१-४५४१६४८
फ्याक्स नं.: ४५३०५६२
Website: www.mountainenergy.com.np.
Email: info@mountainenergy.com.np.

## नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०७९/०७/२९ गते बसेको पञ्चानब्यऔं (९५) सञ्चालक समितिको बैठकको निणर्यानुसार यस माउण्टेन इनर्जी नेपाल लिमिटेडको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी पारित गर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

मितिः २०७९ साल पौष ०८ गते शुक्रबार (तदनुसार २३ डिसेम्बर, २०२२)
समयः बिहान १०.०० बजे
स्थानः Amrapali Banquet Catering & Events, भाटभटेनी, काठमाण्डौं ।

**छलफलका विषयहरुः**
**क) सामान्य प्रस्तावहरुः**

१. नवौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फवाट प्रस्तुत आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. यस कम्पनीको लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८।७९ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०७९ मा समाप्त भएको वर्षको वासलात, आ.व. २०७८। ७९ को नाफा नोक्सान हिसाव र सोहि अवद्यिको नगद प्रवाह विवरण, इक्यिटिमा भएको परिवर्तन सम्बन्धी विवरण लगाएत वार्षिक वित्तीय विवरणसंग सम्बद्व अनुसुचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व. २०७९/८० को लागि लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा । (वर्तमान लेखा परिक्षक पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ )

४. संचालक समितीले प्रस्ताव गरे बमोजिम प्रति शयर रु. १०.५२६३ (अर्थात १०.५२६३% का दरले) नगद लाभांश स्विकृत गर्ने सम्बन्धमा ।

५. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिको निर्वाचन गर्ने सम्वन्धमा ।

**ख) विविद्य**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरुः**

१. कम्पनीको आयोजनामा लगानीको निमित्त बैकहरुसंग गरिएको सहबित्तिय सम्झौताको शर्त बमोजिम लगानीकर्ता बैंकहरुको स्वीकृति पश्चात मात्र लाभांश बितरण गर्न पाईने भएकोले सोको स्वीकृति लागि कम्पनीबाट प्रकृया चालीएको र साधारण सभा एबं लगानीकर्ता बैंकहरुको स्वीकृति पश्चात लाभांश भुक्तानी गरीने ।

२. सर्वसाधारणको बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९/०८/२७ (तदअनुसार १३ डिसेम्बर २०२२) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव वन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०८/२६ गते सम्म कारोवार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन् ।

३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगाएतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा सधारण सभा सम्वन्धि अन्य जानकारीको लागि कम्पनीको website: mountainenergy.com.np मा पनि हेर्न सक्नुहुने छ ।

५. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय डिल्लीवजार, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरि सक्नुपर्ने छ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्ने छ ।

६. संरक्षक रहनु भएका शेयरधनी महानुभाहरुका तर्फवाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीवाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुने छ ।

७. छलफलका विषय सूची मध्ये विविद्य शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्वन्धि प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गरिनुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।

८. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनुहुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्ने भएको हुदां सो कार्यमा सहयोग गरिदिनहुन अनुरोध छ ।

९. निर्वाचन र अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा.वडा नं. ३० डिल्लीवजार, काठमाण्डौ वा फोन नं. ०१-४५३७७०५, ०१-४५४१६४८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।